'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ७९ शुक्रवार ३० कार्तिक, २०८१ 15 (Friday) November 2024 पृष्ठ ४, मूल्य रु : १०/-

# पेट्रोलियम पदार्थ अन्वेषणको ८० प्रतिशत काम सम्पन्न

■ नमस्ते समचारदाता
दैलेख, कार्तिक/२९



नेपाल सरकारको निकै महत्वकांक्षी योजनाको रुपमा रहेको पेट्रोलियम पदार्थ अन्वेषणको काम ८० प्रतिशत सम्पन्न भएको छ । दैलेखको भैरवी गाउँपालिका-१ जलजले क्षेत्रमा गत वैशाख २८ गतेबाट सुरु गरिएको पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणको काम ८० प्रतिशत सम्पन्न भएको बताइएको छ। खानी तथा भूगर्भ विभागका सिनियर डिभिजन जिओलोजिस्ट सुरेश श्रेष्ठले अन्वेषणको काम ८० प्रतिशत सम्पन्न भएको र पछिल्लो समयमा उपकरण समयमै आउन नसक्दा काममा केहि कठिनाई भएको जानकारी गराएका छन् । अहिले सम्मको काम गराइका आधारमा सकारात्मक भएको उनले दाबी गरेका छन् । 'अन्वेषण कार्यका लागि अन्तिम तथा महत्वपूर्ण कार्यको रुपमा भएको ड्रिलिङको काम तिव्र चलिरहेको छ। अहिलेसम्म ३ हजार १ सय मिटर गहिराई सम्म पुगेको छ । अन्वेषणका लागि ३५ सय देखि ४ हजार मिटर सम्म वा त्यो भन्दा पनि बढी मिटरसम्म जमिनमुनि ड्रिलिङ पाइप पुराउनु पर्ने हुन्छ । आवश्यक उपकरण समयमा आई नपुग्दा लक्ष्य पहिल्याउन केहि कठिन भएको छ', श्रेष्ठले भने । दैलेखको जलजलेमा पंचकोशी तिर्थ क्षेत्रको रुपमा ज्वाला देविको रुपमा पुज्दै आएको शक्तिपिठहरुमा नित्य अग्नीज्वाला बल्दै आएको क्षेत्रमा पेट्रोलियम पदार्थ भएको अनुसन्धानबाट देखिएपछि अन्वेषणको थप काम थालिएको हो । तीन वर्षभित्र पेट्रोलियम पदार्थको अनुसन्धान सक्ने गरी चिनियाँ सरकारसँग सन् २०१९ फेब्रवरी २८ मा सम्झौता भएको थियो । जि टु जि सम्झौता अन्तरतग चीन सरकारको २ अर्ब ५० करोड रूपियाँ अनुदानमा पेट्रोलियम पदार्थको अन्वेषण भइरहेको हो । यद्यपी कोरोना महामारीको कारण प्रभावित भएको अनुसन्धानको काममा थपिएको समय अवधी सकिनै थालेको छ । परिणाम छिटो निकाल्न सकियोस् भन्ने उद्देश्यले दुई सिफ्टमा गरी चौबिसै घण्टा काम भैरहेको छ भने काममा चिनियाँ र नेपाली गरी ८० जना जनशक्ति परिचालित भएका छन् । पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन अन्तर्गत पहिलो चरणको काम चिनियाँ प्राविधिक टोलीले साईस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटोटेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे गरी चारवटा सर्भे पश्चात अन्वेषणको अन्तिम चरणको ड्रिलिङको काम चलिरहेको छ।

# खाद्यले किसानको धान किन्न थाल्यो

■ नमस्ते समचारदाता
बाँके, कार्तिक/२९



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले बाँकेका किसानहरूसँगको धान धमाधम किनिरहेको छ । कार्तिक २० गतेबाट किसानका धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले २८ गतेसम्म साढे चार हजार क्विन्टलभन्दा बढी धान खरिद गरिसकेको छ। गत वर्षभन्दा १५ दिन अगावैबाट धान खरिद गर्न लागेको नेपालगन्ज कार्यालयले यस वर्ष ४० हजार क्विन्टल खरिद गर्ने लक्ष्य लिएको छ। बुधवारसम्म ४ हजार ६ सय ४७ दशमलव १४ क्विन्टल धान खरिद गरिसकेको जनाएको छ । 'हामीले यस वर्ष लिएको लक्ष्य ४० हजार क्विन्टल धान खरिद गर्ने हो, २० गतेबाट सुरु गरिएको धान खरिद बुधवार सम्म आइपुग्दा ४ हजार ६ सय ४७ दशमलव १४ क्विन्टल धान खरिद गरिसकेका छौं ।' कार्यालयका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले भन्नुभयो,-'कम्पनीको गोदाम नजिक चार वटा काँटा लगाएर किसानले ल्याएका धान धमाधम खरिद गरिरहेका छौं ।' 'बुधवारसम्म धान बिक्री गर्नका लागि ३ सय ४५ जना किसानले स्थानीय तहको सिफारिस दर्ता गरिसक्नुभएको छ । अहिलेसम्म सबैभन्दा धेरै राप्तीसोनारी गाउँपालिकाका किसानहरू आउनुभएको छ, त्यसपछि जानकी, नेपालगन्ज, बैजनाथ र डुडुवाबाट पनि किसान आउनुभएको छ।' सूचना अधिकारी घिमिरेले भने। स्थानीय तहको सिफारिसका आधारमा एक किसानसँग ८० क्विन्टलसम्म धान खरिद गर्ने गरेका उनले बताए । धान खरिद गर्नुअघि किसानहरूले स्थानीय तहको सिफारिस दर्ता गर्नुपर्ने र त्यसपछि कार्यालयबाट तोकिएको दिनमा किसान आएर धान बिक्री गर्ने गरेका छन् । सूचना अधिकारी घिमिरेका अनुसार पहिला पहिला किसानहरू १५ दिनसम्म यहाँ आएर लाइन लागेर बस्नुपर्ने बाध्यता थियो, अहिले धान ल्याउन पूर्व नै स्थानीय तहको सिफारिस ल्याएर दर्ता गर्ने र हामीले दिएको समयमा उहाँहरू आएर धान बिक्री गर्ने व्यवस्था मिलाइएका छ । धान तौल गर्नका लागि चार वटा काँटामा ४० जनाभन्दा बढी मजदुर परिचालन गरिएको र मजदुरलाई जिल्लास्थित प्राथमिक खरिद समितिले निर्धारण गरेको प्रति क्विन्टल तौल गरेबापत ४० रुपियाँ रकम प्रदान गरिँदै आइएको छ।

*बाँकी ३ पेजमा...*

# तिहार सकिएसँगै पहाडका गाउँ-बस्ती खाली

■ नमस्ते समचारदाता
बाजुरा, कार्तिक/२९



हिन्दु नेपालीहरुको महत्वपूर्ण चाड तिहार सकिएसँगै दुर्गम पहाडी गाउँ - बस्तीहरुबाट अधिकांश कालापार (भारतका विभिन्न ठाउँमा) त केही तेश्रो मुलुक तिर रोजगारीका लागि युवाहरु लाग्दा बाजुरामा प्रायः गाउँ-बस्ती नै रित्तिन थालेका छन् । तिहार मनाउन आएका परदेशी धमाधम कामको खोजीमा भारत जान थालेपछि बिस्तारै गाउँ रित्तिन थालेका हुन । बुढीगङ्गा नगरपालिका-१०, बदेडाका राजी सार्कीले भनेले, 'पहिलेदेखि नै भारतकै भरमा परिवार पाल्ने गरेको छु । यसो दसैँतिहारका बेला गाउँमा आउँछु। त्यसपछि फेरि कामको खोजीका लागि भारतमै जाने गरेको छु, ।' एकवर्षपछि गाउँमा आउने दसैँतिहारले आफूलाई गाउँमा फर्काउने गरेको भएपनि भोको पेट पाल्न आफू सधैँ भारतमै बस्नुपर्ने बाध्यता थियो । गाउँमा बसेर केही गरेर खान मन थियो तर के गर्ने आफूसँग न धन छ न त केही गरेर खाने उपाय छ। त्यसैले गाउँमै भोको बस्नुभन्दा भारतमा गएर दुई चार पैसा कमाई छोराछोरीलाई पाल्नु पर्‍यो भन्दै तिहार सकिएसँगै कामको खोजीमा भारत जान लागेको सार्कीले बताउछन्। दशै आएसँगै यहाँका गाउँबस्ती निकै भरिभराउ भएका थिए । लामो समयदेखि बन्द भएका यहाँका घरका ढोका पनि खुलेका थिए। अहिले फेरि ती सबै बिदेसिएपछि गाउँबस्ती रित्तिँदै गएका छन् । असोजको पहिलो सातादेखि बाजुरा फर्किनेको संख्या निकै बढेको थियो भने अहिले गाउँ छोडेर बाहिरिनेको संख्या पनि त्योभन्दा बढी रहेको छ । बाजुराको मार्तडी, तिपाडा, बल्दे, बाम्का, बेतालमाण्डौ, रिठा, मालिका र डाब बजारका काउन्टरमा अहिले भारतमा जानेको निकै भिड हुने गरेको छ। तिहार सकिएसँगै यहाँका स्थानीय सबै भारतमा जान लागेकाले ती काउन्टरमा टिकट लिनेको निकै भिड लाग्ने गरेको हो । तिहार सकिएसँगै बाजुरादेखि भारत जानेको निकै भिड हुने गरेको बाजुरा बुढीगङ्गा नगरपालिका -६, बाम्का बजारस्थित संयुक्त टिकट काउन्टरका कर्मचारी जनक बुढाले बताए। 'दसैँतिहार का बेला धनगढी, महेन्द्रनगरदेखि बाजुरामा आउनेको निकै भिड हुने गरेको थियो ।

*बाँकी ३ पेजमा...*

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## कर्णालीमा स्वास्थ्य अवस्था


विकासको दृष्टिकोणले सिङ्गो कर्णाली राणा, राजा(पञ्चायत) र बहुदलीय प्रजातन्त्रमा समेत राज्यका श्रोत–साधनको वितरण र पहुँचका हिसाबले पछाडि पारिएको क्षेत्र हो । २०७२ सालमा बनेको नेपालको नयाँ संविधानले नेपाललाई संघिय संरचनामा रुपान्तरण गरे पश्चात मात्र कर्णालीले थोरै भए पनि आफ्नो रुप र रङ्ग फेर्न पाएको हो । संघियता नहुन्थ्यो भने अहिले जस्तो जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिस्ठान स्थापना हुन अझ कति धेरै वर्ष कुर्नु पर्थ्यो होला । संघियताले राज्यका साधन–श्रोतहरुको पहुँच तल सम्म वितरण गर्छ । त्यसकै फलस्वरुप अहिले स्थानीय तहका वडाहरु सम्म राज्यको पहुँच स्थापित भएको छ । कर्णाली प्रदेशको जुम्लामा स्थापित कर्णाली स्वास्थ्यविज्ञान प्रतिष्ठानले स्वास्थ्य क्षेत्रका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गरिरहेको छ । प्रधानमन्त्रीले बुधबार मात्र सो प्रतिस्ठानको प्रथम दीक्षान्त समारोह उद्घाटन मात्र गरेनन्, विभिन्न विधाका ५८ जना त्यसै प्रतिस्ठानबाट उत्कृष्ट विद्यार्थीहरुलाई दीक्षित समेत गरे । कर्णालीको स्वास्थ्य क्षेत्र अहिले पनि निकै कमजोर अवस्थामा छ । स्थानीय स्तरमै स्वास्थ्य सेवाका दक्ष जनशक्ति उत्पादन हुँदा त्यसको लाभ कर्णालीले अवश्य नै बढी प्राप्त गर्ने छ । स्वास्थ्य सेवाका विशेषज्ञ जनशक्ति अहिले पनि दुर्गम पहाडी तथा हिमाली जिल्लाहरु सेवा गर्न जान अइच्छुक देखिन्छन् । तर त्यही क्षेत्रमा अध्ययन गर्न गएका र त्यही अध्ययन सकाएका विशेषज्ञ जनशशक्तिले पक्कै पनि त्यही सेवा गर्न रुची राख्छन् । धेरै मानिसहरु कर्णालीमा पनि को डाक्टर पढ्न जाला र ? राज्यले यति ठूलो लगानी गरेर प्रतिष्ठान खोल्नु पऱ्यो भन्ने आवाज शहरहरुमा नउठेको होइन । तर संघियताले राज्यको दायित्व सबै प्रदेशहहरुमा आवश्यकतालाई सम्बोधन गर्ने हो भन्ने सम्झ्यो र कर्णाली स्वास्थ्यविज्ञान प्रतिष्ठान स्थापना गऱ्यो । जसबाट कर्णालीलाई आवश्यक पर्ने स्वास्थ्य क्षेत्रको जनशक्ति विस्तारै उत्पादन हुँदैछन् । यो सिङ्गो कर्णालीका लागि त खुसीको कुरा हो नै । यो नेपाल कै लागि पनि खुसीको कुरा हो ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# लालपुर्जा झोलामा, जग्गा खोलामा



बलराम शर्मा चौलागाई




काठमाडौं उपत्यकाका नदीहरूमा असोजको दोस्रो हप्ता अतिवृष्टिका कारण आएको अनियन्त्रित बाढीले ठूलो मात्रामा जनधनको क्षति भयो । राज्यले दिगो किसिमले नदी व्यवस्थापन गर्न नसकोले उब्जिएको बितण्डाबाट त्रसित तटीय क्षेत्रका नागरिकहरू यतिखेर अन्योलको अवस्थामा छन । यसअघि कहिल्यै नभएको लगातारको त्रिदिवसीय मुसलधारे पानी पर्नाले सबैलाई झस्काएको छ । बागमतीलगायत विष्णुमती, हनुमन्ते, बल्खु, मनोहराजस्ता सहायक नदीहरूको शुद्धीकरण, सौन्दर्यीकरण, तटबन्ध निर्धारणका अतिरित्त बद्दो सहरीकरणलाई ध्यानमा राखेर गर्नुपर्ने कामको अख्तियारी छुट्टै निकायलाई प्रदान गरिएको छ । ठूलो मात्रामा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्रोत खर्च गरेर सहरी विकास मन्त्रालय मातहत सञ्चालित 'अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति'लाई यो कामको जिम्मेवारी सुम्पिएको छ । यति धेरै खर्च गरेर यति लामो अवधिसम्म काम गर्दा पनि बागमती शुद्धीकरणका नाउमा झिँगो पनि मार्न नसकेको यो समितिको काम छैन । आर्थिक वर्ष २०५१/०५२ देखिनै अस्तित्वमा रहेको यो विकास समिति गठन हुँदाको अवस्थादेखि नै विवादमा रहँदै आएको छ । तत्कालीन अवस्थामा बागमती नदीलाई प्रदूषणमुक्त गराएर स्वच्छ बनाउनेभन्दा केही आफ्नालाई जागिर खुवाएर बेरोजगार समस्या हल उद्देश्यले सिर्जना गरिएको यो निकाय सरकारको सेतो हात्ती समान हो । बागमती नदीको गोकण-गुह्येश्वरी खण्डलाई मात्र लक्षित गरी ल्याइएको 'बागमती सुधार र शुद्धीकरण आयोजना' सुचारु गर्ने बहानामा विकास समितिले सुरुमै अक्षम्य गल्ती गऱ्यो । साबिकको बागमती नदीलाई चौडाइतर्फको १५ मिटरबाट बढाएर एकैचोटी ४० मिटर फराकिलो बनाउने काम आफैंमा गैरकानुनी थियो । साँघुरो नदीलाई फराकिलो पार्नका लागि आसपासका किसानहरूको जग्गा अधिकरण गर्नु अनिवार्य थियो । तर समिति भनौं वा राज्यपक्षले बलपूर्वक गैरकानूनी तवरले किसानको लालपुर्जासहितको तिरोतिरानभित्रको जग्गा अतिक्रमण गरेर तटबन्ध लगायो । यसबाट आजका मितिसम्म धेरै किसानहरूको बास, गाँस र कपास खोसिएको छ । यो विकासे अड्डाले जग्गासम्बन्धी ऐन, २०३४ को मुआब्जा प्रक्रियालाई लत्याएर किसानमारा कार्य गरेकोले किसानहरू अन्यायमा परेका छन् । नदीको दुवैतर्फ सौन्दर्यीकरण आयोजना सञ्चालनका लागि बढाइएको नदी बहाव क्षेत्रभित्र जमिन पारिएका किसानहरूको क्षतिपूर्ति धेरैले पाए पनि थोरैले पाएका छैनन् । आयोजना सुरु गर्न करिब १ सय ८८ रोपनी व्यक्तिगत जमिन सरकारले बिना मुआब्जा हडपेको भए पनि १ सय ४६ रोपनीको मुआब्जा वितरण भइसकेको छ । जग्गाको सट्टा जग्गै र नगद गरी मुआब्जा वितरण भएको थियो । यसबाट कतिपय किसानहरूका लागि गोरु ब्याए सरह भएको छ भने केही किसान अझै रोइरहेका छन् । मुआब्जा प्राप्त गर्नेमध्ये पनि थोरै किसानहरूको गुनासो यथावत् रहेको भेटिन्छ । केही किसानको जग्गा अझै दर्ता हुन सकेको छैन । गोकर्ण-गुह्येश्वरी खण्डको नदी बहाव क्षेत्रमा सरकारी जग्गा पनि प्रशस्तै परेको छ । यस सन्दर्भमा चासो राखेर जनताको दुःख बुझ्ने विभागीय मन्त्री र सचिव आजसम्म आएको छैन । किसानमाथिको अन्यायको छिनोफानो वर्तमान सरकारले गर्ने लक्षण देखाएको छ । सार्वभौम नागरिकको सम्पत्तिसम्बन्धी मौलिक हक मिचेर राज्य स्वयंले अन्याय गरेको विषयमा न्यायालयको ढोका पनि चाहार्न सकिन्छ । तर यस सबालमा कार्यपालिकाले हुन्छ वा हुन्न भन्ने स्पष्ट धारण व्यक्त नगर्दासम्म काननी उपचार खोज्नु उपयुत्त हुन्न । सरकारले यति कारणले किसानहरूको मुआब्जा दिन मिल्दैन नभनुन्जेल कस्लाई विपक्ष बनाएर न्यायालय गुहार्ने ? राज्यले जबरजस्ती कब्जा गरेको जग्गाको स्रेस्ता काठमाडौंस्थित चाबहिल मालपोत कार्यालयमा छ । जनताहरू सालबसाली मालपोत तिरिरहेका छन् । जग्गाको लालपुर्जा, नक्साजस्ता जग्गासम्बन्धी निस्साहरू जनताको झोलामा छ, जग्गा चाहिँ खोलामा । सुन्दै अचम्म लाग्ने यो प्रसंग कोट्याउन पनि लाज लाग्छ । बागमतीसम्बन्धी यो पुरानो समस्यासँगै अहिले उपत्यकाभरिकै नदीहरूले उब्जाएको समस्या पनि टड्कारो रूपमा तेर्सिएको छ । यसको यथोचित विकल्पका रूपमा अन्नपूर्ण पोस्टको २०८१ कात्तिक ६ गतेको विचार पृष्ठमा सबिस्तार अभिमत जाहेर गरिएको छ । विगत लामो समयदेखि पीडित किसानहरूको वेदना कसैले पनि नसुनेको सन्दर्भमा धेरै टीकाटिप्पणी हुँदा पनि कसैको कानमा बतास नपस्नु दुःखद् विषय हो । बागमतीपीडित किसानहरूमध्ये आठ आना जग्गाका धनी कृष्णर्प्रसाद पोखरेलको गतवर्ष नै निधन भयो । आफ्नो सबै जायजेथा बेचेर घडेरीको रूपमा किनेको जग्गामा घर बनाउँदछु भन्ने आशा पालेका पोखरेलजी पछिल्लो समय घरबारविहीन अवस्थामा हुनु हुन्थ्यो । स्व. पोखरेलजी प्रतिनिधि उदाहरणका रूपमा रहनु भए पनि अन्य मृत वा जीवित किसानहरूको वेदना कम हृदयविदारक छैन । जनताको गास, बास र कपाससम्बन्धी यस प्रसंगमा पटक-पटक नीतिगत निर्णयका लागि सहरी विकास मन्त्रालयमा फाइल उठ्दा हुन्छ वा हुन्न भनेर ठोस निर्णय आजसम्म दिइएको पाइँदैन । विगत तीन दशकदेखि पीडितवर्ग र पीडकका रूपमा रहेको सहरी विकास मन्त्रालयबीच मुआब्जाको विषयलाई लिएर वादप्रतिबाद चल्दै आएको छ । २०२१/०२२ को नापीको आधारमा आयोजना सञ्चालन गरेको भए यो समस्या आउने थिएन । सुरुमै पीडित किसाहरूसँग बसेर छलफलद्वारा पनि समस्याको समाधान खोज्न सकिन्थ्यो । अझै केही भएको छैन जमिन जहाँको त्यही छ । किसान आफ्नै ठाँउमा छन् । सल्लाह गर्दा कुराको निचोड निकाल्न सकिन्छ । आयोजनाका कारण सुकुम्बासी बन्न पुगेका पीडितवर्गका लागि गोकर्ण-गुह्येश्वरी खण्डको बागमती सुधारको कार्य अभिशाप हुन गएको छ । नदीको अवस्थातर्फ ध्यान दिने हो भने छेउमा पुग्दा नाक थुन्नुपर्ने अवस्था अझै छ । खोलाको धार राज्य आफैंले परिवर्तन गराएर कहिल्यै नफर्कने गराएकोले अब कुनै युगमा पनि खोला फर्कंदैन । सहरी विकास मन्त्रालयले बागमतीपीडितका मुआब्जाको विषयमा आवश्यक निर्णयका लागि सिफारिस गर्न केही समयअघि पूर्वसचिवको अध्यक्षतामा कार्यदल गठन गरेको थियो । किसानलाई अलमल्याउन गठित समितिको काम बैठक बस्ने र भत्ता बुझ्नमै सीमित हुन पुग्ने हो वा काम xg]xf]< *–अन्नपूर्ण*

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# सहुलियत पसलबाट ६९ हजार छुट

नमस्ते समचारदाता
बाँके, कार्तिक/२९



खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड नेपालगन्ज कार्यालयको बिक्री केन्द्रबाट बाँकेवासीले ६९ हजार रुपियाँ छुट पाएका छन् । कम्पनीले दसैँ, तिहार तथा छठ पर्वलाई लक्षित गरी सञ्चालनमा ल्याएको सहुलियत बिक्री केन्द्रबाट बाँकेका नागरिकले ६९ हजार रुपियाँ छुट पाएका हुन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जका सूचना अधिकारी वरिष्ठ सहायक शिवराज घिमिरेले चाडपर्वलाई लक्षित गरी सञ्चालनमा ल्याइएको सहुलियत पसलबाट बाँकेका नागरिकले ६९ हजार रुपियाँ छुट पाएको बताउनुभयो । "चाडपर्वलाई लक्षित गरी गत असोज ६ गतेदेखि सञ्चालन गरिएको सहुलियत पसल (बिक्री केन्द्र)बाट कात्तिक २८ गतेसम्म ६९ हजार रुपियाँ बराबरको छुटमा खाद्य सामग्री बिक्री गरेका छौँ, यहाँका नागरिकहरूले चामल खरिद गर्दा उक्त रकम बराबरको छुट पाउनुभएको छ ।" सूचना अधिकारी घिमिरेले भन्नुभयो, "अन्य बिक्री केन्द्रबाट चामलसहित दाल, नुन, तेल, चिनी, चियापत्ती, घिउ, जिरा, चिउरा, पिठो लगायतका २८ किसिमका खाद्य बस्तु बिक्री भए पनि नेपालगन्जबाट केबल चामल मात्र बिक्री गरेका हौँ, चामल खरिद गर्ने नागरिकहरूले सो छुट पाउनुभएको हो ।" नेपालगन्ज बिक्री केन्द्रबाट चाडपर्व अवधिभर दुई सय क्विन्टल चामल बिक्री गर्ने लक्ष्य लिइएको भएतापनि हालसम्म १३८ क्विन्टल चामल बिक्री भएको छ । "हामीले सहुलियत पसलबाट दुई सय क्विन्टल चामल बिक्री गर्ने लक्ष्य लिएका थियौँ, हालसम्म १३८ क्विन्टल बिक्री भएको छ," घिमिरेले भन्नुभयो, "अरुवा मोटा, अरुवा सोना मनसुली, अरुवा मध्यम चामल र स्टिम जिरा गरी चार प्रकारका चामल बिक्री गरेका छौँ ।" घिमिरेका अनुसार नेपालगन्ज स्थित कार्यालयको बिक्री केन्द्रबाट अरुवा मोटा चामल ५० किलो, अरुवा सोना मनसुली २९ क्विन्टल, अरुवा मध्यम ३७.७५ क्विन्टल र स्टिम जिरा ७०.७५ क्विन्टल बिक्री भएको छ । उहाँका अनुसार ६३०० रुपियाँ क्विन्टल पर्ने अरुवा मोटा चामल ५८०० रुपियाँमा, ६५०० रुपियाँ पर्ने अरुवा सोना मनसुली र अरुवा मध्यम चामल ६००० रुपियाँ र ९४०० रुपियाँ पर्ने स्टिम जिरा चामललाई ८९०० रुपियाँ प्रति क्विन्टलका दरले बिक्री गरिएको हो । सबै प्रकारका चामलमा प्रति क्विन्टल पाँच सय रुपियाँ छुट गरी सहुलियत दरमा बिक्री भएको हो । नागरिकलाई दिएको छुट कटाएर १० लाख ३३ हजार ७५ रुपियाँको चामल बिक्री भएको छ । चाडपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सहुलियत बिक्री केन्द्र आगामी माघ २ गतेसम्म सुचारु हुने खाद्य, व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय नेपालगन्जले जनाएको छ ।

# राष्ट्रिय परिचयपत्र बनाउनेको भिड

नमस्ते समचारदाता
रुकुमपश्चिम, कार्तिक/२९



जिल्ला प्रशासन कार्यालय रुकुमपश्चिममा पछिल्ला केही दिनदेखि सेवाग्राहीको भिड लाग्ने गरेको छ । दसैँ, तिहार सुरु भएसँगै सेवाग्राहीको संख्या बढेपछि केही दिनयता भिड नै लाग्ने गरेको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार नागरिकता, राष्ट्रिय परिचयपत्र र राहदानी बनाउन आउने सेवाग्राहीको संख्यामा उल्लेख्य वृद्धि भएको छरु। यसका साथै अन्य सिफारिसका लागि समेत आउने सेवाग्राहीको संख्या पनि बढेको सो कार्यालयले जनाएको छ । सेवाग्राहीको चाप बढेपछि अन्य सरकारी कार्यालयको जनशक्तिसमेत प्रशासनमा थप गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी विनोद रेग्मीका अनुसार कार्यालय समय सुरु हुनुभन्दा पहिल्यै सेवाग्राही कार्यालयको ढोकामा आइसकेका हुन्छन् । मङ्गलबार मात्र कार्यालयबाट ९२ वटा नयाँ र ३१ वटा प्रतिलिपि गरेर १२३ वटा नागरिकता जारी गरिएका छन् । चाडपर्व सुरु हुनुभन्दा पहिला दैनिक १५ देखि २० वटा नागरिकता जारी हुने गरेको प्रशासनको भनाइ छ । सोमबार पनि ७५ वटा नयाँ र ३१ वटा प्रतिलिपि गरेर १०६ वटा नागरिकता जारी भएका थिए । मङ्गलबार ६१ जनाको राष्ट्रिय परिचयपत्र दर्ता गरिएको छ भने १० वटा वितरण गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले एकै दिन ४६ जनाको राहदानी सिफारिस गरिएको र आठ वटा वितरण गरिएको जनाउनुभयो । जिल्लाभन्दा बाहिर गएकाहरू चाडपर्वको बेला घर आएको मौकामा नागरिकता, राष्ट्रिय परिचयपत्र, राहदानीलगायत अन्य सिफारिस बनाउने भएकाले भिड लाग्ने गरेको सहायक प्रजिअ रेग्मीले बताउनुभयो । सेवाग्राहीको चाप बढेपछि जिल्ला प्रशासन कार्यालयले अन्य कार्यालयबाट कर्मचारी मगाएर जनशक्ति थप गरेको छ । कारागार कार्यालयबाट र निर्वाचन कार्यालयबाट एक/एक जना कर्मचारी मगाएर काममा लगाइएको छ भने प्रशासनकै अन्य शाखाका कर्मचारीलाई समेत नागरिकता शाखामा खटाइएको छ । यसका साथै भिड व्यवस्थापन गर्न जिल्ला प्रहरी कार्यालयबाट सुरक्षाकर्मीसमेत थप गरिएको छ। सेवाग्राहीको चाप अझै बढेमा जिल्ला हुलाकलगायत कामको चाप कम हुने अन्य कार्यालयबाट कर्मचारी थप गरिने प्रशासनले जनाएको छ ।

## खाद्यले...

गत वर्ष ५१ हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले यस वर्ष भने मात्रा घटाएर ४० हजार क्विन्टल मात्र खरिद गर्ने लक्ष्य लिएको छ । मुख्य शाखा प्रमुख रामशरण लामिछानेले भने, 'गत वर्ष सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यभन्दा बजारमा किसानहरूले बढी मूल्य पाए र बजारका गल्ला व्यापारी र मिलहरूमा लगेर बिक्री गरे, हामीले न्यून मात्रामा खरिद गर्न सक्यौँ ।' गत वर्षभन्दा यस वर्ष सरकारले न्यूनतम समर्थन मूल्य पनि बढाएको र धान खरिद पनि १५ दिन अगाडिबाटै सुरु गरिएको हुँदा लक्ष्य पुरा गर्न सकिने अपेक्षा गरिएको उनले जमनकारी गराए । गत वर्ष मङ्सिर ६ गतेबाट धान खरिद सुरु गरेका थियो भने यस वर्ष भने १५ दिन अगावै कात्तिक २० गतेदेखि नै सुरु गरिएको घिमिरेले जानकारी गराए । ३० हजार क्विन्टल मोटा धान र १० हजार क्विन्टल मध्यम गरी यस वर्ष ४० हजार क्विन्टल धान खरिद गर्ने लक्ष्य लिएको नेपालगन्ज कार्यालयले बुधवार सम्म ५५२.६१ क्विन्टल मोटा र ४०९४.५३ क्विन्टल गरी ४६४७.१४ क्विन्टल धान खरिद गरेको हो ।

## तिहार...


अहिले भारत जानका लागि बाजुरादेखि धनगढी, महेन्द्रनगर जानेको निकै भिड हुने गरेको छ। टिकट नै पुऱ्याउन गाह्रो परेको छा' काउन्टरका कर्मचारी जनक बुढाले बताए। हाल बाजुरादेखि पाँच वटा बस दैनिक भरिएर धनगढी र महेन्द्रनगर जाने गरेका छन् । यसमा झन्डै दुई/तीन सयभन्दा बढीको हाराहारीमा यात्रु हुन्छन् । तीमध्ये सबैभन्दा बढी भारतमा जाने यात्रु रहेको बुढाले बताउछन् ।

# होमस्टेलाई थारू कला संस्कृतिको अध्ययन केन्द्र बनाइँदै

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/२९



नेपालगन्जबाट २४ किलोमिटर उत्तर सुर्खेत रोडको नजिकमा रहेको गाभर भ्याली होमस्टे पश्चिम नेपालका थारु समुदायको कला र संस्कृतिको अध्ययन अनुसन्धान केन्द्रका रुपमा विकसित हुँदै गएको छ । गाभर भ्यालीमा रहेका होमस्टेमा थारू समुदायले परापूर्वकालदेखि प्रयोग गर्दै आएको हेल्का, डेल्या, हलो, जुवा, छत्री, जाल, जब्या, दुना, टपरी, तेल पेल्ने कोल, ढिकी, जाँतोजस्ता पौराणिक सामग्री अवलोकन गर्न पाइने व्यवस्था मिलाइएको होमस्टेका सञ्चालक कृष्णलाल चौधरीले बताउनुभयो । उहाँले गाभरका होमस्टेमा विभिन्न थरीका परिकार पाइने भए पनि विशेषगरी थारू परिकारलाई प्राथमिकता दिएको जनाउँदै यो क्षेत्रलाई थारू परिकार र सत्कार पाइने होमस्टेका रूपमा विकास गरेको बताउनुभयो । होमस्टेका सञ्चालक चौधरीका अनुसार घर नम्बर १ होमस्टेले थारू समुदायमा प्रचलित देवीदेवताको मूर्ति र चित्र हेर्ने व्यवस्था गरेको छ । सो होमस्टेमा थारू संस्कृति र संस्कारसँग सम्बन्धित मूर्ति तथा लत्ताकपडा अवलोकन गर्न सकिन्छ । उहाँले सो होमस्टे थारू कला संस्कृतिको अध्ययन, अनुसन्धान गर्नेहरूका लागि उचित स्थान बनेको बताउनुभयो । होमस्टेमा थारु समुदायको कला र संस्कृति झल्किने वस्तुहरु राखिएर अवलोकनको व्यवस्था मिलाइएपछि सो अवलोकनका लागि देशभरिबाट विशेषगरी थारु समुदायका अगुवालगायत अन्यहरु पनि त्यहाँ आउने क्रम बढेको गाभर भ्याली होमस्टे सञ्चालक समितिले जनाएको छ । चारैतर्फ पहाडले घेरिएको सुन्दर भ्याली गाभर पछिल्लो समय होमस्टेका कारण चर्चित बनिरहेको छ । यहाँका होमस्टेहरु विशेषगरी रैथाने परिकारका लागि चर्चित छन् । सञ्चालक चौधरीका अनुसार होमस्टेले वातावरण संरक्षणलाई समेत विशेष जोड दिएको छ । होमस्टे परिसरमा विभिन्न थरीका फलफूलका बोट र बिरुवाको अवलोकन गर्दै आनन्द लिन सकिने व्यवस्था मिलाइएको छ । होमस्टे परिसरमा अर्जुन, पारिजात, सतिसाल, विजयसाल, धुपीसाल, सतिवन, कपुर, कदम, मौवा, असना, हर्रो, अमला, मालु, बोतलब्रास, सेरी, कचरी, शीतलचिनी, सुनाखरी, अम्लिसो, चमेली, कटहर, लिची, पीपल लगायत विभिन्न जातका कागती, जामुन, निम, बकाइनो, गुलमोहर लगायत फलफूलका बिरुवा लगाइएको छ ।




जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# रारामा सुविधासम्पन्न होटेल नहुँदा पर्यटकहरुलाई सास्ती

नमस्ते समचारदाता

मुगु, कार्तिक/२९

विश्वकै पर्यटकहरुका लागि आकर्षण मानिएको पर्यटकीय स्थल रारातालमा पर्यटक बढे पनि उनीहरुका लागि सुविधा सम्पन्न होटेल नहुँदा पर्यटकलाई आवासको समस्या हुन थालेको छ । रारा राष्ट्रिय निकुञ्जको कार्यालय हुटुले रारामा चमेनागृहका नाममा दुई वटा होटेल डाँफे चमेनागृह र भिलेज हेरिटेज रिसोर्टलाई मात्र सञ्चालन अनुमति दिएको छ । दिनप्रतिदिन पर्यटकको संख्या वृद्धि भए पनि होटेलको संख्या बढ्न सकेको छैन । संघिय सरकारको वन तथा वातावरण मन्त्रालयले रारामा चमेनागृहका नाममा स्थापना भएको डाँफे र हेरिटेज होटेललाई मात्र एकलौटी अनुमति दिँदा राराभन्दा बाहिर रहेका दर्जनौं होटेलमा सेवाग्राही नआउने गरेको स्थानीय विर्षबहादुर रोकायाले बताए। कालीकोटबाट रारा घुम्न आएका नरेन्द्र मल्लले भने, ‘राराताल आसपासमा प्रतिस्पर्धी होटेलको व्यवस्था नहुँदा हामी जस्ता आन्तरिक पर्यटकले खान र बस्नैका लागि दुःख पाउने गरेका छौं । त्यहाँ भएका दुई होटेल बुक भइसक्ने र पर्यटकको संख्या बढी हुँदा खान र बस्नको निकै सास्ती व्यहोर्नु परेको छ।’ खानकै समस्याले तीन दिन बस्ने योजना आफूले बनाए पनि एक दिनमै फर्कनु परेको उनको भनाइ छ। पर्यटकहरुको सहजताका लागि अन्यलाई पनि होटेल सञ्चालनको अनुमति दिनुपर्ने माग उनले माग गरे । रारा हेर्न आउने पर्यटकलाई सहज हुने उद्देश्यले यहाँ रारातालमा प्रदूषण नहुने गरी अन्य होटेल खोल्नुपर्ने उनको सुझाव छ । रारा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख महेश न्यौपानेका अनुसार डाँफे होटेल तथा चमेनागृहका सञ्चालक गोपल बमको चमेनागृह सम्झौतापत्र अनुसार २०६६ साल मङ्सिर १ देखि मासिक दुई/दुई हजार रुपियाँ राजस्व बुझाउने गरी १० वर्षसम्मका लागि सञ्चालन गर्न पाउने अनुमति रहेको छ। त्यसै गरी अर्को भिलेज हेरिटेज रिसोर्टका सञ्चालक राजबहादुर कार्कीको आर्थिक वर्ष २०७०साल माघ १ गते मासिक पाँच हजा रुपियाँ राजस्व बुझाउने गरी २०८० पुस मसान्तसम्म रिसोर्ट सञ्चालनको अनुमति पाएको कार्यालय प्रमुख न्यौपानेले बताए। मम्झौता अनुसार यिनीहरुको समयावधी पनि सकिएको अवस्था छ। रारामा स्थापना रहेका डाँफे र भिलेज होटेलको पुनः सञ्चालन गर्न पाउने वा नपाउने मन्त्रालयको अधिकार भएको उनको भनाइ छ । रारातालमा थप होटेल सञ्चालन गर्न दिने नदिने अधिकार मन्त्रालयसँग रहेकाले निर्णय पनि मन्त्रालयबाटै हुने कार्किले जानकारी गराए ।



# बाँकेमा इट्टा उद्योगको मनपरी, अदालतको आदेश समेत टेरेनन्

नमस्ते समचारदाता

बाँके, कार्तिक/२९

बाँकेको जानकी गाउँपालिका-४ मा रहेको चाचा ईट्टा उद्योगले उच्च अदालत तुलसीपुर नेपालगञ्जले जारी गरेको निषेधाज्ञा पत्रलाई बेवास्था गदै आएको पाइएको छ । चाचा इंट्टा उद्योगले नेपाल इंट्टा उद्योग व्यवसायी संघको मिति २०८०/०७/२२ को बैठक निर्णय अनुसार ईट्टा उद्योगमा आगो लगाउने (फायरिङ्ग डेट) आगामी ५ वर्षका लागि कायम हुने गरी पौष १५ गते कायम गर्ने गरी भएको निर्णयलाई बेवास्था गर्दै त्यस अगाडि नै ईटाभट्टा चिम्नीमा आगो लगाउने कार्य गरेको हुँदा सोही कार्यविरुद्ध नेपाल ईट्टा उद्योग व्यवसायी संघ बाँकेले चाचा ईट्टा उद्योगका संचालक नसिम खान विरुद्ध उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासमा मुद्धा दायर गरेको थिए । सोही मुद्धाको आधारमा तथ्य प्रमाण सहित न्यायिक इजलासबाट दुबै पक्षको बयान सुनि न्यायोचित ढंगबाट सम्मानित उच्च अदालतको सयुक्त इजलासमा चाचा ईटा उद्योग संचालक नसिम खान विरुद्ध पौष १५ गते अगावै भट्टा चिम्नीमा आगो लगाउने कार्य नगर्नु नगराउनु भनि विपक्षीको नाममा उच्च अदालत नियामावली २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरेको थियो । सो आदेशको बेवास्था गरी आफु खुसी मनोमानी तरिकाले उच्च अदालतको आदेश विपरित व्यवसाय संचालन गर्दा समेत नियमन निकायहरु मौन रहेको गुनासो ईटा व्यवसायीहरुले गरेका छन् । चाचा ईट्टा उद्योगका संचालकलाई कसले संरक्षण गर्दै छ । जिल्ला प्रशासन कार्यालय बाँकेले बाँके प्रहरीलाई निर्णय कार्यान्वयनका लागि मिति २०८१ /०७/ १४ गते पत्र पठाउँदा बाँके प्रहरीले सहजीकरण नगरिदिएको नेपाल ईट्टा उद्योग व्यवसायी संघले जानकारी गराएको छ। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुल बहादुर कार्कीसँग बुझ्दा उच्च अदालत मार्फत प्रहरीलाई स्टे अर्डर कार्यान्वयन गर्नु गराउनु भनी अदालतको पत्र प्राप्त नभएको बताए ।



# ६ करोड भुक्तानी हुँदा ५ वर्ष सम्म पनि बनेन चार किलोमिटर सडक

नमस्ते समचारदाता

सुर्खेत, कार्तिक/२९

पाँच वर्षदेखि निर्माण कार्य थालिएको २.४ किलोमिटर सडकको कामका लागि छ करोड रुपियाँ भुक्तानी भैसको छ। तर सडक निर्माणको काम अझै पूरा हुन सकेको छैन । कर्णाली प्रदेश राजधानी वीरेन्द्रनगरकै सडकमा करोडौं र कम खर्च भए पनि हालसम्म निर्माण सम्पन्न हुन सकेको छैन । मङ्गलगढी-शिवमन्दिर सडकखण्ड बर्सौंदेखि अलपत्र परेको हो। मङ्गलगढी चोकदेखि काँक्रेविहार संरक्षित क्षेत्र जोड्ने सडक विस्तार गर्न लागेको बर्सौं हुँदा पनि सरोकारवाला निकायले खास ध्यान दिन नसकेकै कारण सडक अलपत्र जस्तै अवस्थामा छ। आर्थिक वर्ष २०७६/७७ देखि सुरु भएको स्तरोन्नतिको काम अझै अधुरै छ। उक्त सडकखण्डमा सुरुमा वीरेन्द्रनगर नगरपालिकाले नाला निर्माणको काम थालेको थियो। नाला निर्माणको काममा झन्डै दुई वर्ष समय लाग्यो । आर्थिक वर्ष २०७७/७८ देखि सोही सडकको निर्माण काम कर्णाली प्रदेश सरकारले अघि बढाएको छ । प्रदेश सरकारको १२ करोड ७७ लाख रुपियाँको लगानीमा सडक निर्माण थालिएको हो। हालसम्म कामको प्रगति भने निकै सुस्त छ । यसअघि एउटा निर्माण कम्पनीले काम बेवारिसे छोडेपछि ठेक्का तोडेर अर्कोलाई दिइएको हो। २०७८ देखि सडक स्तरोन्नतिको जिम्मा सिस्ने कन्स्ट्रक्सन निर्माण सेवाले लिएको छ। निर्माण व्यवसायीको लापर्बाहीकै कारण अहिले सडक विस्तारको काम रोकिएको छ । एकातर्फ सडक निर्माणको काम अधुरै छ भने अर्कोतर्फ सडक निर्माणको सम्झौता अवधि सकिएको छ । सडक निर्माणमा ठेकेदार कम्पनीले लापर्बाही गरेको छ । सम्बन्धित निकायले पनि बेवास्ता गरेको स्थानीयको गुनासो छ । यसअघि प्रदेशको पूर्वाधार विकास निर्देशनालय र वीरेन्द्रनगर नगरपालिकाले संयुक्त रूपमा ठेकेदार कम्पनीसँग सम्झौता गरेर काम अघि बढाएका थिए । अहिले पूर्वाधार विकास निर्देशनालयले मात्रै जिम्मा लिएर ठेकेदार कम्पनीसँग नयाँ सम्झौता गरेको हो । कर्णाली प्रदेश पूर्वाधार विकास निर्देशनालयले २०७८ साल मङ्सिर १४ मा अमर सिस्ने, नेपाल-मेघा कम्पनीसँग सडक स्तरोन्नतिका लागि सम्झौता गरेको हो। २०८० साल असार १५ सम्म काम सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । उक्त मितिमा काम हुन नसकेपछि सडक स्तरोन्नतिका लागि पहिलो पटक २०८० साल फागुन १५ सम्म काम सम्पन्न गर्ने गरी सम्झौता थप गरिएको थियो । सो कामका लागि १२ करोड ७७ लाख रुपियाँमा ठेक्का सम्झौता भएको हो । उक्त थपिएको मितिमा समेत काम हुन सकेनरु। अन्तिम पटक २०८१ असार १२ सम्म म्याद थपिएको थियो । अहिले उक्त म्यादको अवधि पनि सकिएको छ । कामको सम्झौता अवधि सकिए पनि सडक निर्माणको काम अधुरै छ। ठेकेदार कम्पनीको लापर्बाहीकै कारण तोकिएकै समयमा काम सम्पन्न हुन नसकेको निर्देशनालयले जनाएको छ । अहिले निर्माणको काम ठप्प रहेको निर्देशनालयका सूचना अधिकारी वीरेन्द्रजङ्ग शाहीले बताए । उनका अनुसार निर्देशनालयले समयमै काम नसकिनुको कारण पेससहितको पत्र निर्माण कम्पनीलाई पठाउन लागिएको छ । नियम अनुसार अब म्याद थप गर्न मिल्दैन । हालसम्म निर्माण कम्पनीले करिब आठ करोड रुपियाँ बराबरको काम गरेको छ।



# ३६ किलो चरेश बरामद



नमस्ते समचारदाता

कैलाली, कार्तिक/२९

कैलालीको धनगढीबाट प्रहरीले ३६ किलो लागू औषध चरेश बरामद गरेको छ। प्रहरी टोलीले धनगढी उपमहानगरपालिका -५ लब्लीचौकबाट ३६ किलो ६ सय ६२ ग्राम चरेश बरामद गरेको कैलालीका प्रहरी प्रमुख एसपी पदम बिष्टले बताए। वडा प्रहरी कार्यालयबाट खटिगएको टोलीले मोटर साईकलमा ल्याउँदै गरेको अवस्था उक्त चरेश बरामद गरेको उनले बताए । चेकजाँच गर्न खोज्दा प्लाष्टिक भित्र राखेको चरेश फालेर दुवै जना फरार भएको र उनीहरूको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके